10 September 2024

## मुख्य समाचार

- **विश्वव्यापी समस्याको स्थानीय समाधान खोज्न प्रधानमन्त्री श्री नरेन्द्र मोदीको आग्रह**
- **साइबर सुरक्षालाई गृहमन्त्री श्री अमित शाहले राष्ट्रिय सुरक्षाको अभिन्न अंग बताउनुभयो**
- **हरियाणा चुनाउका लागि मनोनयन पत्र बुझाउने क्रम जारी**
- **श्री नितिन गडकरीले 2030 सम्ममा विद्युतीय वाहनहरूको वार्षिक बिक्री एक करोड पुग्ने बताउनुभयो**
- **संयुक्त राष्ट्र संघको स्थायी सदस्यतालाई सबै प्रतिनिधिका लागि अझ प्रभावकारी बनाउन भारतको आह्वान, अनि**
- **स्वदेश फर्किएको पेरिस प्याराओलम्पिक मको भयो भव्य स्वागत**

## पीएम- अनुसन्धान

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले विश्वव्यापी समस्याको स्थानीय समाधान खोज्नुपर्ने कुरोमा जोड दिनुभएको छ। प्रधानमन्त्रीले आज नयाँ दिल्लीमा नवगठित **Anusandhan National Research Foundation** -को पहिलो गर्वनिङ बोर्ड बैठकको अध्यक्षता गर्नुभयो।

बैठकमा प्रधानमन्त्रीले अनुसन्धानको मार्गमा ब्यवधान सिर्जना गर्ने तत्वहरूको पहिचान गरी समस्या निधानको पहल गर्न आग्रह गर्नुभयो । उहाँले विद्यमान समस्याको नयाँ

समाधान खोज्न अनुसन्धान केन्द्रित हुनुपर्ने बताउनु भयो । संस्थाको उन्नति र मानकीकरण गर्न आह्वान गर्दै प्रधानमन्त्रीले अनुसन्धान र विकासको प्रगति आँकन गर्न डोमेन विशेषज्ञहरूको सूची र ड्यासबोर्ड विकास गर्न सुझाउ पनि दिनुभयो ।

प्रधानमन्त्रीले अनुसन्धान र आविष्कारका लागि स्रोत साधनको उपयोगको वैज्ञानिक अनुगमन गर्नुपर्ने कुरामा जोड दिनुभयो । उहाँले भन्नुभयो, वैज्ञानिक समुदायले आफ्नो प्रयासका लागि स्रोतसाधनको कमी नहुने विश्वास गर्नुपर्छ ।

राष्ट्रिय शिक्षा नीति–2020 को सिफारिसमा फाउन्डेसनको स्थापना भएको हो । यसको उद्देश्य देशका विश्वविद्यालय, कलेज, अनुसन्धान संस्थान र अनुसन्धान तथा विकास प्रयोगशालाहरूमा अनुसन्धान र नवाचारको संस्कृतिलाई प्रोत्साहन गर्नुरहेको छ। अनुसन्धान नेशनल रिसर्च फाउन्डेशनले देशमा वैज्ञानिक अनुसन्धानलाई उच्च-स्तरीय रणनीतिक दिशा प्रदान गर्न शीर्ष निकायको रूपमा काम गर्दछ।

बैठकमा शिक्षामन्त्री श्री धर्मेन्द्र प्रधान साथै वरिष्ठ अधिकारीहरुको उपस्थिति रहेको थियो।

**शाह- I4C**

केन्द्रीय गृहमन्त्री श्री अमित शाहले साइबर सुरक्षालाई राष्ट्रिय सुरक्षाको अभिन्न अंग बताउनुभएको छ। साइबर अपराध नियन्त्रण गर्न आगामी पाँच वर्षमा पाँच हजार साइबर कमाण्डोलाई तालिम दिने केन्द्रको योजना रहेको उहाँले बताउनु भएको छ । आज नयाँ दिल्लीमा भारतीय साइबर अपराध समन्वय केन्द्र I4C को पहिलो स्थापना दिवस समारोहलाई सम्बोधन गर्दै श्री शाहले यस्तो आशय व्यक्त गर्नुभएको हो।

उहाँले साइबर सुरक्षाबिना देशको प्रगति सम्भव नहुने बताउनु भयो । श्री शाहले आसन्न खतरालाई सम्बोधन गर्न सबै सरोकारवालाहरूलाई एकजुट हुन आग्रह पनि गर्नुभयो। उहाँले साइबर अपराधको कुनै स◌ीमा नभएको बताउनु भयो ।

विभिन्न क्षेत्रमा इन्टरनेटको बढ्दो प्रयोगको उल्लेख गर्दै श्री शाहले देशमा डिजिटल कारोबार र डिजिटल डेटाको प्रयोग दिनप्रतिदिन बढिरहेको बताउनु भयो । उहाँले भन्नुभयो, आज साइबर सुरक्षासँग सम्बन्धित व्यक्तिको जिम्मेवारी बढेको छ । श्री शाहले हालै लागू भएका तीनवटा आपराधिक कानुनमा देशमा विद्यमान साइबर अपराधका चुनौतीलाई सामना गर्न पर्याप्त व्यवस्था रहेको बताउनु भयो ।
यस अवसरमा श्री शाहले साइबर अपराध विरुद्ध संरक्षणको मुख्य पहल र राष्ट्रका लागि समर्पित साइबर ठगी न्यूनीकरण केन्द्रको पनि शुभारम्भ गर्नुभयो।

**पश्चिम बंगाल राज्यपाल**

पश्चिम बंगालका राज्यपाल डा. सीभी आनन्द बोसले मुख्यमन्त्री सुश्री ममता बनर्जीलाई संविधानको धारा 167-सी अन्तर्गत राज्य मन्त्रिपरिषद्का सबै निर्णयहरूबारे राजभवनलाई जानकारी गराउन निर्देशन दिनु भएको छ। राज्यपाल कार्यालय अनुसार धारा 167 अनुसार मन्त्रिपरिषद्का सबै निर्णयबारे राज्यपाललाई जानकारी दिनु मुख्यमन्त्रीको कर्तव्य बन्दछ।

**नौसेना परीक्षा रद्द**

भारतीय नौसेना सिविलियन प्रवेश परीक्षा, अप्रत्याशित तकनीकी अनि प्रशासनिक कारणले रद्द भएको छ। यो परीक्षा आज शुरू हुँदै थियो। अब परीक्षाको नयाँ मिति फेरि तोकिने छ।

**हरियाणा चुनाउ**

हरियाणामा आगामी विधानसभा चुनाउका लागि 90 सिटका निम्ति लगभग १३५ उम्मेदवारले मनोनयन पत्र बुझाएका छन्। मनोनयन पत्र बुझाउने प्रक्रिया 12 सितम्बरसम्म जारी रहनेछ। भारतीय जनता पार्टीले हालसम्म 67 उम्मेदवारको नाम घोषणा गरेको छ । यसैबीच, कंग्रेसले 41 जना उम्मेदवारको नाम सार्वजनिक गरेको छ । आम आदमी पार्टीले 29, जननायक जनता पार्टी–आजाद समाज पार्टी गठबन्धनले 31 र इन्डियन नेशनल लोकदल र बहुजन समाज पार्टी गठबन्धनले 12 उम्मेदवारको सूची सार्वजनिक गरेका छन् । मुख्यमन्त्री श्री नायब सैनीले आज लाडवामा मनोनयन पत्र बुझाउनु भयो।

यसैबीच, आम आदमी पार्टीले हरियाणा विधानसभा चुनाउका लागि आज थप नौ जना उम्मेदवारहरूको दोस्रो सूची जारी गरेको छ। आम आदमी पार्टीले हिजो बीसजनाको सूची जारी गरेको थियो।

अर्कोतिर, भारतीय जनता पार्टीले आज हरियाणा विधानसभा चुनाउका लागि 21 जना उम्म ेदवारहरूको अर्को सूची जारी गरेको छ।

**गडकरी-विद्युतीय वाहन**

सडक परिवहन तथा राजमार्ग मन्त्री श्री नितिन गडकरीले देशमा विद्युतीय वाहनहरूको बिक्रीमा उल्लेखनीय वृद्धि भइरहेको बताउँदै सन् 2030 सम्ममा यसको वार्षिक बिक्री एक करोड पुग्ने सम्भावना रहेको बताउनु भएको छ। उहाँले विद्युतीय वाहनको बिक्रीमा बढोत्तरी हुँदा पाँच करोड रोजगारी सिर्जना हुने बताउनु भयो ।

आज नयाँ दिल्लीमा भारतीय अटोमोबाइल निर्माता सोसाइटीको 64 औं वार्षिक सम्मेलनलाई सम्बोधन गर्दै श्री गडकरीले भन्नुभयो, देशमा लगभग 30 लाख विद्युतीय वाहनहरू दर्ता भएका छन्। वित्तवर्ष 2023-24 मा चारपाङ्ग्रे विद्युतीय वाहनको बिक्रीमा 45 प्रतिशत र दुईपाङ्ग्रे विद्युतीय वाहनको बिक्रीमा 56 प्रतिशतले वृद्धि भएको छ। श्री

गडकरीले भन्नुभयो, यस अवधिमा चार सय स्टार्टअपहरूले दुई पाङ्ग्रे विद्युतीय वाहन उत्पादन गर्न थालेका छन्।

## UNSC-**भारत**

भारतले संयुक्त राष्ट्र संघको स्थायी सदस्यतालाई सबै प्रतिनिधिका लागि अझ प्रभावकारी बनाउन आह्वान गरेको छ । अफ्रिकाको स्थितिलाई विशेष रूपमा उल्लेख गर्दै भारतले भनेको छ, सुरक्षा परिषदमा राजनीतिक मतभेदले शान्ति स्थापनाको कार्यलाई असर गरिरहेको छ। हिजो सुरक्षा परिषदमा आफ्नो पहिलो सम्बोधन गर्दै संयुक्त राष्ट्रका लागि भारतका नवनियुक्त स्थायी प्रतिनिधि श्री पी हरिशले सुरक्षा परिषदमा राजनीतिक समन्वयको अभाव रहेको बताउनु भयो। उहाँले भन्नुभयो, जसका कारण संयुक्त राष्ट्रसंघको शान्ति कार्यमा प्रतिकूल प्रभाव परेको छ। अहिलेको अवस्थामा सुरक्षा परिषद्लाई स्थायी श्रेणीमा थप प्रतिनिधिको आवश्यकता छ ।

शान्ति सेनालाई सुदृढ पार्ने विषयमा भएको छलफलमा सहभागी हुँदै श्री हरिशले भारत शान्ति स्थापनाको सबैभन्दा ठूलो पक्षधर रहेको बताउनु भयो। भारतले विगत सात दशकमा ५० भन्दा धेरै अभियानमा १ लाख २५ हजारभन्दा धेरै सैनिक तैनाथ गरेको उहाँले उल्लेख गर्नुभयो।

## **मैसूर रेडियो**

कर्नाटकको मैसूर आकाशवाणी रेडियो स्टेशनले आज आफ्नो ९० औं वार्षिकोत्सव पालन गऱ्यो। रेडियो मैसूर भारतको पहिलो निजी रेडियो प्रसारकको रूपमा 10 सितम्बर 1935 मा सुरु भएको थियो। महाराजा कलेजका मनोविज्ञानका प्राध्यापक डा. एमभी

गोपालस्वामीले आफ्नो निवासमा 30 वाटको ट्रान्समिटर जडान गरेर यसको सुरुवात गरेका थिए।

**प्यारा ओलिम्पिक □म स्वागत**

पेरिस प्यारा ओलम्पिकबाट भारतीय टीम स्वदेश फर्किएको छ। भारतीय टीमलाई आज नयाँ दिल्लीको इन्दिरा गान्धी अन्तर्राष्ट्रिय विमानस्थलमा फूल मालासहित भव्य स्वागत गरिएको थियो। पेरिस प्यारा ओलम्पिक देशका लागि उल्लेखनीय उपलब्धि प्रमाणित भएको छ। यसमा भारतीय टीमले ७ स्वर्ण, ९ रजत र १३ कास्यसहित कुल २९ पदक जितेर कीर्तिमान बनाएको छ।

**मुख्य समाचार फेरि एकपल□**

- **विश्वव्यापी समस्याको स्थानीय समाधान खोज्न प्रधानमन्त्री श्री नरेन्द्र मोदीको आग्रह**
- **साइबर सुरक्षालाई गृहमन्त्री श्री अमित शाहले राष्ट्रिय सुरक्षाको अभिन्न अंग बताउनुभयो**
- **हरियाणा चुनाउका लागि मनोनयन पत्र बुझाउने क्रम जारी**
- **श्री नितिन गडकरीले 2030 सम्ममा विद्युतीय वाहनहरूको वार्षिक बिक्री एक करोड पुग्ने बताउनुभयो**
- **संयुक्त राष्ट्र संघको स्थायी सदस्यतालाई सबै प्रतिनिधिका लागि अझ प्रभावकारी बनाउन भारतको आह्वान, अनि**
- **स्वदेश फर्किएको पेरिस प्याराओलम्पिक □मको भयो भव्य स्वागत**